श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

श्री ५ को सरकारले मिति २०४१।२।१८ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी, सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहका अधिकृत डा. नरसिंह नारायण सिंहलाई सोही सेवाको विशिष्ट श्रेणीमा बढुवा गरी शिक्षा तथा संस्कृति मन्त्रालयको सचिव पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

पर्यटन मन्त्रालयका सचिव श्री वीरेन्द्रनाथ खुजेली माल्दिभ्स र श्रीलंका सरकारसंग हवाई सम्झौता गर्नेसम्बन्धी कामको निमित्त त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पर्यटन विभागका महानिर्देशक श्री जनक थापालाई मिति २०४१।६।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी विश्व बैंकको वार्षिक बैठकमा भागलिन टोकियो हुँदै वाशिंगटनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४१।६।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

४२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।